# छोटो किरात इतिहास



**हर्कजङ कुरुम्बाङ (लिम्बू)**

सामान्यतया किरात भन्नाले नेपालको पूर्वी पहाडी भेगमा बसोबास गर्ने आदिमबासीहरूलाई जनाउने अर्थमा लिइन्छ । वास्दवमा यस शब्दको परिधि व्यापक रहेको छ । पूर्व नेपालको भागलाई किरात देश पनि भन्दथ्यो । आजकाल पनि पूर्वी भेगलाई वल्लो किरात, माझ किरात र पल्लो किरात भन्ने गर्दछ । सुनुवारहरू सघन बसोबास भएको क्षेत्रलाई वल्लोकिरात, खम्बुहरूको बसोबास भएको क्षेत्रलाई माझकिरात र लिम्बुहरूको बसोबास भएको क्षेत्रलाई पल्लो किरात लिम्बुवान भनेर पनि भन्ने गरिन्छ ।

किरातहरू किरात भनुभन्दा पहिला सौमर वंश भनेर पनि कहलाउथे । सर जोन हेमिल्टनअनुसार ईसाको ४००० वर्षअघि मिश्रदेशमा स्नेफेरु राजाले राज्य गर्दथे । त्यस समयमा पर्सियाको खाडीमा दुईखालका सभ्य जातिहरू बस्थे । ती जातिहरूलाई एउटा अकाद वंश र अर्को सौमर वंश भन्थे । यसै सौमर वंशलाई मंगोल पनि भन्थे । यिनीहरूका आ-आफ्नो गाउँ, शहर र प्रान्तहरू थिए । प्रतेक शहर, प्रान्तमा एक-एक राजा हुन्थ्यो ती राजाहरू एक-आपसमा लडाइँ गरिरहन्थे । सौमर वंशहरू त्यो समयमा नै कृर्षिमा विकास भएको देखिन्छ । उनीहरूले नदीमा वाँध वाँधेर खेतीपाती गर्ने गर्दथे । यिनीहरूको एक प्रकारको अक्षर थियो र ऐन कानूनहरू शिलाहरूमा लेखि राख्थे । झगडा भई मिलापत्रहरू गर्दा साँध, सिमाना र क्षेत्र छुटाउदा शिलामा लेखि स्तम्भ गाग्दथे । यो चलन पछिसम्म चलेको अनुमान गर्न सकिन्छ । यिनीहरू अर्काको अधिनमा बस्न मन पराउदैन थियो । सधैं लडाइँ मात्र गर्न पनि चाहादैन थिए । झगडा गर्दा हार्ने अवस्था हुँदा आफ्नो गाउँ छोडि पूर्व, पश्चिम, उत्तर, दक्षिण आफ्नो इच्छाअनुसारको दिशातिर बसाइँ सर्थे । यस्तै क्रममा ईसाको ३००० वर्षअघि मंगोलीहरू पूर्व दिशा चीन, कावुल, पञ्जाव हुँदै मलिलो र सुविधा भएको ठाउँ नदीको मैदानहरूमा बसोबास गरे । कैयौं वर्षपछि यीनै सौमर वंशलाई नै आर्यहरूले किरात वंश भन्न थाले ।

कहाँबाट आए सौमर वंश, कुशद्वीपबाट आएकी कङ्कती नाउँ गरेकी परम सुन्दरी कन्यासंग महादेवको संसर्ग हुँदा एक पुत्रलाभ भयो । त्यो वालक समय परिवर्तनसंगै मधुमास सेवन गर्ने र सधैं जंगलमा शिकार गर्दै हिंड्ने हुनाले उपनाम किरात राखियो । किरात वंशको २८ पुस्तापछि यिनीहरूको वंश सौमर नाउँले प्रसिद्ध भयो । सौमर वंशबाट कुवाच अथवा चोक, पल्लव, यौवन, पुलिन्द इत्यदि शाखाहरू छुट्टिए । शाके १६११ सम्म सौमर जातिको राज्य कामरूप क्षेत्रमा थियो भन्ने प्रमाणहरू पाइन्छ । हाल येले तङ्बे अथावा यलम्बर संम्वत ५०७१ साल पुगिसकेकोछ । यसअनुसार किरात राजा यलम्बरले ईसापूर्व ३००० हजार वर्षअघि नै राज्यगरेको हुनु पर्छ । तर, विद्वानहरूले

ईसापूर्व ८०० वर्षअघि उपत्यकामा पहिलो किरात राजा यलम्बरले शासन गरेको भनि उल्लेख गरेको पाइन्छ । हुन त यलम्बरभन्दा कैयौं किरात राजाहरूले विभिन्न ठाउँहरुमा शासन चलाएको प्रमाणहरू प्रसस्तै पाइन्छ । यीनै प्रमाणहरुलाई आधार मानि यलम्बरको नाममा येले तङ्बे सुरु गरेको अनुमान गर्न सकिन्छ । सौमर तथा किरात वंशको सशि मुन्धुमअनुसार यिनीहरू लिम्बुवानको फक्ताङ्लुङ् (कुम्भकर्ण) हिमालको काखबाट फैलिएर केही बंश विभिन्न दिशामा गई घुमी फिरी पछि आफ्नै  पुर्खाहरुको बासस्थान खोज्दै त्यहाँको रैथाने बंशसँग भिविन्न दिशाबाट आएर मिसि हिमालय, पहाड र तराईमा बसोबास जमाएको देखिन्छ । त्यसैले होला जताबाट आएपनि रैथाने र आगान्तुक् लिम्बुहरूको मुन्धुम्, भाषा, लिपि, धर्म र संस्कारहरू मिलेको छ । इतिहासविद्ध ईमानसिंह चेमजोङको लेखअनुसार पश्चिमबाट आउनेलाई काँशीवंश, पूर्वबाट आउनेलाई ताइश्यानवंश र उत्तर बाट आउनेलाई लाशावंश भनेका छन्।

## काँशी वंश

शुरुमा मुना तेम्वे नामक जग्गाबाट पर्सियाको दक्षिण पश्चिम भाग "मेदिया" मा मानिसहरू बसोबास गर्दथे । त्यो बसेको जग्गालाई काँशी नाम राखे । ईसाको १५७० वर्षअघि काँशीवंशका राजाले वेविलोनमा चढाइ गरी शासन चलाए । त्यस पछि ईसाको १३०० वर्षअघि दक्षिण पर्सिया पुरानो नाम इलामवंशी राजाले काँशीवंशका राजा माथि विजय गरी त्यस वंशलाई सदाको लागि देश निकाला गरे । यिनीहरूको नेता नामदिबेर नामक राजा पुरोहितको नेतृत्वमा पूर्व हिन्दुस्थान, अफ्गानिस्थान गोलकु नामक ठाउँमा बसोबास गरे । राजपुरोहित नामदिबेरको यसै ठाउँमा देहान्त भयो । देहान्त हुनु भन्दा अघि उनले सबै काँशीवंश मण्डलीलाई जम्मा गरी दुई छोरा दुल्यू र लिप्लीको सामुन्ने उपदेशहरू दिए । "तिमीहरू सबै धर्म भक्त वंशी हौ पाप साह्रै वढेको हुनाले भाइभाइमा युद्ध गर्नुपर्दा वंशको नाश भएको देखि हामी भागि आयौं । यो ठाउँमा पनि झगडा उस्तै होला, पापदेखि बाँच्ने उपाया छैन । तिमीहरुले कुनै काम गर्नुपरेमा रीसरागसित नगर्नु । विनाकारण पशुपंक्षिको हत्या गरेमा रगतले पिर्ने छ । अर्काको बिगार गरे निशन्तान हुने छौं । मेरा यो दुई छोरा तिमीहरुको नेता हुने छन्। झगडा कदापि नगर्नु अव म परमात्मासंग मिल्ने छु, राजपुरोहित नामदिबेरको देहबास भयो ।

राजपुरोहित नामदिबेरको मृत्युपश्चात काँशीवंश दुई भागमा विभाजन भए । त्यो ठाउँमा उत्तर-पश्चिम दिशाबाट धेरै मानिसहरू बसाइँ आए । यसरी धेरै बसाइँ आए पछि काँशीवंश अझ पूर्व गंगा र यमुना नदीको मैदानतिर बसाइँ सर्‍यो । यो समथर भूमिमा बाह्रपुस्तासम्म बसी एक हाँगो वनरासको वरिपरि सुखी गंगाजी भन्ने ठाउँमा आफ्नो राज्य स्थापना गरे । यो वंशलाई किरात शब्दमा "काँशीथाङवा" पनि भन्दथे । ईसाको १००० वर्षअघि बाटै काँशीवंश हिमालय, पहाड र तराईमा बसोबास गर्दथे । काँशीवंश भन्दा अघि कुनै बसोबास नभएको हुनाले पहाडी देशमा प्रथम जग्गा अवाद गर्ने काँशीवंश थिए । राजपुरोहित नाम दुल्यू र लिप्लीको निर्देशनमा हरेक थरका मूल पुरुषहरूले आफ्नो गाउँ बसाले । प्रथम पटक तराईमा बाह्र गाउँ बसाले । गाउँको नाम बाह्र गढी नाउ राखे । यो बाह्र गढीले सिमाङ्गढलाई आफ्नो अधि पति मानेका थिए । जव वंश धेरै बढेर मेलमिलाप हुन छोड्यो, तव लोहाचन्द र महाचन्द नाम गरेका दुई वीर पुरुषहरूले राजपुरोहित सामुन्ने विदेश जाने अनुमती मागे । उनीहरूले जंगल अवाद बनाइ बस्ने आदेश पाए । र, ती दुई वीर पुरुषहरूले प्यूठानमा लोहाचन्दले र डोटीमा महाचन्दले आफ्नो राज्य स्थापना गरे ।

द्वापर युगको अन्त्यतिर ईसाको ८०० वर्षअघि सोहीअनुसार यलम्वरले उत्तर दिशा गई नेपाल खाल्डामा आक्रमण गरी आफ्नो अधिकार जमाए । अतिमलले पाल्पामा र खिम्चीको सुनकोशी वारि जिरिको जंगल अवाद बनाइ आफ्नो राज्य जमाए । यस जग्गालाई त्यसवेला “नामदोपालु” भन्दथे, आजकाल किरात भन्दछन् । लुक्थुयोले आफ्नो सारा दल लिइ सिमाङगढबाट विजुगखोलोको गड़तीरमा बसाइँ सरे । यसै ठाउँबाट सुनकोशी नदी तरी मोरोङ्ग तराई फाँडी बस्ने मेचे, कोचे र धिमालहरू हुन आउछ । यसै स्थानबाट एक समुह फेदापतिरको पहाड जमिन फाँडी बस्नेहरूनै भाइफुट्टा “भूईफुट्टा” वंश भए । अर्को समुह इलाम पहाड गएर बस्नेहरू इमेहाङ वंशी भए । यसै गरी अर्को त्रिजुगा खोलातिर हुँदै ख्वालुङ, रावा, लिखु आदि जग्गामा बस्नेहरू वारबोम्बा वंश भए । यसै गरी पश्चिम डोटी देखि पूर्व इलाम सम्म जग्गा अवाद गरी बस्नेहरूलाई काँशीवंश भए र यस वंशलाई किरात वंशवालीमा “खाम्बोङवा” पनि भन्द छन्।

## ताइश्यान वंश

प्रोफेसर. एच. ए. गेलिजअनुसार ईसाको २६९८ वर्षअघि अन्तैबाट एक वंश आइ चीनमा राज्य स्थापना गरेर गाउँ पिच्छे राजा भएर बसे । ईसाको २२०० वर्षअघि एक वीर पुरुष युशिया नामको थियो । उनले सबै राज्यहरूलाई आफ्नो नियन्त्रणमा राखे । र, दक्षिण-पश्चिमको ताइ र चाववंश एक स्वातन्त्र राज्य भई बसेका थिए । उनले आफ्नो राज्य युनान प्रान्ततिर बढाए । चीनमा युशिया पछि चाववंशी राजा भए । चाववंशीको समयमा सारा गाउँ आपुङ्गी राजा भई लडाइ गरिरहे । यस्तो झगडा देखि दिक्क भई ताइवंशी यूनान प्रान्तदेखि कोही दक्षिण, कोही पश्चिम बसाइँ सरे । दक्षिणतिर जाने समुह श्यामक मुलुकमा राज्य स्थापित गरेर देशको नाम ताईलेण्ड राखे । पश्चिम जानेहरूले बर्माको नाम्माव नामक जंगल अवाद गरी राज्य स्थापना गरेर आफु ताइश्यान वंशी सम्बोधन गरे ।

यो वंश नाम्मावबाट धेरै समुह उत्तर-दक्षिण, पूर्व-पश्चिम फैलियो । एक समुह ताई तेम्बे, नामगाम तेम्बेका मुङकाङ गाउँको मुङ्मोरङ्वा राजाले आफु श्यानमकवानवंशी भनि आफ्नो प्रजासहित अघि आउने समुहलाई पछ्याउदै आसाम आइपुगे । किरात मुन्धुमअनुसार मुङ्मोरङ्बासंग ७०० प्रजा ल्याएका थिए । आसामबाट अझ अघि बढ्दा काँशीवंशका मोरान वोरोहीहरूसँग युद्ध भयो । तर, मुङ्मोरङ्वा राजाको सामुन्ने केही लागेन र मुङ्मोरङ्वा राजा मान्न मन्जुर गरे । उहाँकै नामबाट देशको नाम पनि मोरङ्ग हुँदै आएको भन्ने भनाइ छ । उहाँले एक अर्को गढी बनाइ नाउ ‘‘शान गढ” राखे । हाल यस ठाउँको नाम शाङ्गोरी भन्ज्याङ्ग भन्ने गरिन्छ । राजा मुङ्मोरङ्वाले उत्तर पहाडी ठाउँमा चढाइ गरी अर्को गढी बनाए त्यसको नाम ‘‘श्यानपुर” राखे हाल यो ठाउँलाई चैनपुर भनेर प्रसिद्ध छ । यसै ठाउँबाट पूर्व इलामतर्फ एक समुह बसाइँ सरे र काँशीवंशी लाप्चाहरूसंग विवाह गरी बसे । यसै समय देखि लाप्चाहरू पनि रोङ्वंशी भन्न थाले ।

## लाशावंश

किरात इतिहास विद्ध ईमानसिंह चेमजोंगअनुसार हिन्दु धर्मग्रन्थ महाभारतमा सौमर वंशी किरातहरूले धेरै वर्षअघि देखि कामरूप ठाउँ वा देशमा राज्य गरेका थिए । पछि आर्यवंशको बढी आगमन हुँदा नर्काशुरले सौमरवंशीलाई धेरै सताएको हुनाले सबै किरातवंशले देश छोडि समुन्द्रपार गए भन्ने लेखेका छन्। किरात वंशावलीमा तिनीहरू उत्तर-पूर्वकोबाटो लिइ तिब्बतको खाम भन्ने ठाउँमा राज्य स्थापना गरे । धेरै वर्षपछि यो वंशमा एक वीर पुरुषको उदय भयो । उहाँको नाम सुवाहाङ थियो । सुवाहाङको एक पुत्र भयो । त्यो पुत्रलाई मुनाफेनहाङ भन्थे । यीनै पुरुषले

आफ्नो सेना उठाइ मध्य तिब्बतको उपाजोङ माथि आक्रमण गरी कब्जा जमाए । यस देशमा राज्य गर्दै गर्दा मुनाफेनहाङको एक पुत्र जन्म्यो उहाँलाई लाशाहाङ भन्थे । आफ्नो पिताको सेस पछि उहाँ देशको उत्तराधिकारी भए । उनले देशमा निरङ्कुश शासन चलाएको हुनाले देश बासीले राजाको बिरुद्ध आन्दोलन गरे र अकालमै मृत्युको मुखमा पारे । यी राजाका दुई राजकुमारहरू थिए । जेठालाई उबाहाङ र कान्छालाई चाङ्बाहाङ् भनिन्थ्यो ।

राजाको मृत्युपछि मन्त्रीहरूले कान्छा छोरा चाङ्बाहाङ्लाई राजा बनाए । जेठा उबाहाङ षड्यन्त्रपूर्ण भाइको अधिनमा बस्न नसकि आफ्नो समर्थक फौज ली दक्षिण तिब्बतको बाटो लागे र उपाजोङ्ग देखि चाङपाजोङ्ग हुँदै साम्येजोङ्ग, पावोजोङ्ग, तिरिङजोङ्ग, तानाकजोङ्ग, खाम्पाजोङ्ग, तिन्केजोङ्ग भई तापलिङजोङ्ग (हाल पूर्व नेपालको ताप्लेजुङ्ग) आइ पुगे । त्यस समयअघि नै त्यो मुलुकमा काँशीवंशी किरातहरूले आवाद बनाइ सकेका थिए । त्यहाँ पुरानो र नयाँ आगमनको झगडा भयो । तर, पछि एकआपसमा मेलमिलाप भई बिहाबारी गर्दै एक वंश हौं भन्न थाले । बिस्तारै उबाहाङ राजाको ज्ञानको प्रभावले पूर्वकिरात गाउँले राजाहरूलाई आफ्नो बहसमा ल्याएर तिनीहरूलाई ऋगवेदको शिक्षा दिए । पछि उनले आफ्नो राजधनी तापलिङ्जोङ्देखि चेम्फुवाजोङ्मा सारे । उनको मृत्यु पश्चात् छोरा माबोहाङ किरात देशका राजा भए । राजा माबोहाङले आफ्नो प्रजाहरूलाई युमा धर्म (यासोकेनी) शिक्षा दिए, जुन धर्म हाल किरातहरूमा प्रचलित देखिन्छ । राजा माबोहाङका पाँचौं पुस्तापछि मुदाकहाङ राजा भए । राजा मुदाकहाङको समयमा धेरै मानिसहरू तिब्बतबाट बसाइँ सरेर आएको देखिन्छ र यिनीहरू धेरैतिर फैलिनगई नेपालदेखि सिक्खीमसम्म ढाकेको बुझिन्छ । पछि आउने सबै तिब्बती भएता पनि पूर्व नेपालका किराती वंशसंग सम्बन्ध हुँदा तिनीहरू सबै लाशावंशी किरात भए ।

किरात इतिहासअनुसार यसरी तीन दिशाबाट आउने काँशी, ताइश्यान र लाशावंशी किरातहरूमा शुरुमा युद्ध भएतापनि मेलमिलाप, बिहाबारी गर्दै नयाँ नयाँ वंशको उत्पात भएको देखिन्छ ।

महाभारत ग्रन्थले प्रमाण दिएअनुसार हिमालय पर्वतलाई पश्चिमपट्टि गन्धमादन पर्वत, पूर्व-पट्टि इन्द्रकिल पर्वत भनिन्थ्यो । यस भागमा कम्बोज, यौवन, शक, पारद, पल्लव, चीनिया, किरात, दरद, नाग, सौमर, खस, बृहदबल र पौण्डरक जातिहरू बस्थे । यिनीहरू सभ्य र शक्तिशाली जाति थिए । पाण्डवहरूले यीनै जातिहरूसंग लड्नु परेको थियो । यिनीहरू सतप्रतिसत गुण सम्पन्न थिए भन्ने प्रमाण पाण्डवहरूले महाभारत ग्रन्थमा चर्चा गरेका छन्। किरातहरू महादेवको चेला भएको उल्लेखहरू पनि पाइन्छ । किरात वंशावलीअनुसार काँशी, ताइश्यान र लाशा वंशहरूलाई क्रमसः मुनाफेनः, खाम्बोङबा र ताङसाङथा वंश पनि भन्दछन्। उपरोक्त किम्वदन्तीले सबै यी तीन वंशका शाखा सन्तान हुन भन्न सकिन्छ । हाल यो कहीं कतै सुनेता पनि  लिम्बुहरूमा खास कुनै फरक देखिन्दैन ।

**स्रोत:**

**कुरुम्बाङ**, भीमराज. (२०५१/२). कुरुम्बाङ वंशावली
**चेमजोंग**, ईमान सिंह. (1961). लिम्बू-नेपाली-अंग्रजी शब्दकोष, काठमाण्डौं:
**कर्क पेट्रिक**, (१८११). अन एकाउण्ट अफ द किङडम अफ नेपाल,
**हामिल्टन**, बी. फ्रान्सिस. (१८१९). अन एकाउण्ट अफ द किङडम अफ नेपाल,
**रईट**, डेनिल. (१८७७). हिष्ट्रि अफ नेपाल,
**भैसिटार**, एडिन. नोटस अन नेपुल
**थेबे**, प्रसाद, (२०५७). लिम्बूको संक्षिप्त इतिहास र थेबे वंशावली

**चेमजोंग**, ईमान सिंह. (1948). किरात इतिहास
**माबुहाङ**, अर्जुनबाबु. (२०६३). लिम्बूवान
**मावोहाङ**, सुब्बा प्रेमबहादुर. (२०११). संक्षिप्त नेपाल इतिहास, ललितपुर: भुपेन्द्रनाथ शर्मा ढुंगेल
**तुम्बाहाङफे**, लीलाबहादुर. (२०६३). सातरेनुहाङ तुम्बाहाङफे वंशावली
**चोङबाङ**, खड्कबहादुर. (२०४७). हुक्पा चोङबाङ वंशावली
**ईङनाम पापो**, शेर बहादुर. (२०४७). अनुवादक स्व. इमानसिंह चेमजोङ द्वारा लिखित किराँत इतिहास
खापुङहाङ वंशावली २०६२
ब्रिटिश पुस्तकालय लण्डन

Kurumbang Bangshawali 2011 2nd addition